**सान्नीत्रिवेणी गाउँपालिकाको गाउँसभाको अठारौं अधिवेशनमा**

सान्नीत्रिवेणी गाउँपालिकाका अध्यक्ष श्री मोहन बहादुर के.सि.ले प्रस्तुत गर्नु भएको

# आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

**सान्नीत्रिवेणी गाउँपालिका**

कालीकोट जिल्ला

कर्णाली प्रदेश

मिति: २०८३/०३/०७

Scanned with CamScanner

**सम्माननीय गाउँसभा उपस्थित,**

गाउँसभाका सम्पूर्ण सदस्यहरू,

सभाका सचिव तथा सबै कर्मचारीहरू,

आदरणीय राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, संघ-संस्थाका प्रमुखहरू, समाजसेवी, बुद्धिजीवी, पत्रकार, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारीहरू एवं सामाजिक सञ्जालको प्रत्यक्ष प्रसारणमार्फत जोडिनु भएका स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण सान्नीत्रिवेणीवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरू।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था बमोजिम गाउँ कार्यपालिकाको तर्फबाट आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सान्नीत्रिवेणी गाउँपालिकाको यस सम्मानित गाउँसभाको १६ औं अधिवेशनमा पेस गर्न पाउँदा म गौरव महसुस गर्दछु।

यस ऐतिहासिक अवसरमा राष्ट्रहित, लोकतन्त्र, र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न ऐतिहासिक आन्दोलनहरू, सशस्त्र संघर्ष, तथा भर्खरै भाद्र २३ र २४ मा भएको गौरवपूर्ण जेन्जी (Gen-Z) आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, बेपत्ता, घाइते र पीडित नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दै परिवर्तनका पक्षमा योगदान पुऱ्याउनुहुने आम नागरिक, युवा पुस्ता, राजनीतिक दल, नागरिक समाज र राष्ट्रसेवकहरूमा हार्दिक कृतज्ञता प्रकट गर्दछु।

संविधानको अनुसूची-८ र ९ मा उल्लेखित अधिकारको सूची एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही सान्नीत्रिवेणी गाउँपालिकाले जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न आफ्ना राजनीतिक, आर्थिक, न्यायिक र प्रशासनिक कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्दै आइरहेको छ।

सभा सदस्यज्यूहरू, यो नीति तथा कार्यक्रम नेपालको संविधान, नेपालको सोह्रौं योजना, दिगो विकास लक्ष्य, कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय आवधिक योजना, संघीय तथा प्रदेश सरकारका नीति एवं मार्गदर्शन, स्थानीय योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा यस गाउँपालिकाका ऐन, नियम र कार्यविधिहरूको परिधिभित्र रही तयार गरिएको छ। यसमा राजस्व परामर्श समिति र स्रोत अनुमान समितिका निर्णयहरू, गाउँ कार्यपालिकाका विभिन्न निर्णयहरू, आम नागरिक एवं सरोकारवालाहरूबाट प्राप्त अमूल्य सुझाव, जनताका

Scanned with CamScanner

आवश्यकता र हाम्रो राजनीतिक प्रतिबद्धतालाई ध्यानमा राखी योजनाबद्ध विकासको अवधारणा अनुरूप दीर्घकालीन लक्ष्य सहितको सोच तथा नीति पत्रको रूपमा यो नीति तथा कार्यक्रम निर्माण गरिएको छ। यद्यपि, स्थानीय तहमा वित्तीय आत्मनिर्भरताको कमी, राजस्व र खर्चको जिम्मेवारीबीचको ठुलो अन्तर (Fiscal Gap), अन्तरसरकारी वित्तीय हस्तान्तरणको अनिश्चितता, कर्मचारी तथा जनप्रतिनिधिबीच कानूनी बुझाइमा विमेल र कर्मचारी व्यवस्थापनमा चुनौती जस्ता तितो यथार्थ र बाधाहरू हाम्रासामु अझै विद्यमान छन्। यी चुनौतीहरूका बावजुद, शहीदहरूको सपना र नागरिकको भरोसालाई आत्मसात् गर्दै उपलब्ध स्रोत-साधनको अधिकतम उपयोगद्वारा गाउँपालिकाको सर्वपक्षीय र दीर्घकालीन विकासमा हामी निरन्तर प्रतिबद्ध रहने प्रण गर्दछु।

**सभा सदस्यज्यूहरू,**

अव म यस सभामा हाल सम्म गरिएका मुख्य उपलब्धीहरू संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु।

- गाउँपालिकाको प्रमुख प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गरी जनतालाई दैनिक सेवा प्रवाह गर्ने कार्यलाई थप सहज र सफल बनाइएको छ।
- संघीय सरकारको समन्वयमा लुयाँटा खोला देखि रकु जोड्ने सडकलाई क्रमागत बजेटको व्यवस्थापन गरी निरन्तरता दिने कार्य भइरहेको छ।
- आगामी आर्थिक वर्षहरूका लागि कर्णाली प्रदेश सरकारको सहयोगमा **मंगलगडी चोक देखि चसु सम्मको** सडक स्तरउन्नति र **मुम्रा देखि छाप्रे सम्मको नयाँ सडक** विस्तार गर्ने कार्य सफलतापूर्वक अगाडि बढाइएको छ।
- लालु-लैफु सडक निर्माण कार्यको सुरुवात भई लामा बगरदेखि पालिकासम्म, तथा क्युरी देखि मुम्रा सम्म सडक स्तरउन्नतिको कार्य जारी रहेको छ।
- शान्तीघाट देखि पालिकासम्मको सडकलाई हिउँद र वर्षा दुवै मौसममा सधैं सहज रूपमा सुचारु राख्ने व्यवस्था मिलाइएको छ।
- शान्तीघाट देखि पालिकासम्मको सडकमा तोकिएको गुणस्तर र परिमाणमा काम नगर्ने फर्मलाई कालो सूचीको लागि सार्वजनिक खरिद अनुगमनको कार्यालयमा सिफारिस गरिएको छ।
- गाउँपालिका भित्र **"एक घर एक खानेपानी धारा"** निर्माण कार्यलाई व्यापकता दिँदै निरन्तर रूपमा अगाडि बढाइएको छ।

Scanned with CamScanner

- एकाध बाहेक पालिकाका अन्य सम्पूर्ण विद्यालयहरूमा पक्की भवन, खानेपानी, बालमैत्री शौचालय, फर्निचर, विज्ञान प्रयोगशाला सामग्री, ICT ल्याब र खेलकुद मैदान (फिल्ड) निर्माण लगायतका कार्यहरूलाई व्यवस्थित र सफल बनाइएको छ।
- स्वास्थ्य क्षेत्रमा केही चुनौतीहरू रहेता पनि स्वास्थ्य संस्थाहरूबाट नियमित औषधी उपचार प्राप्त हुने प्रवन्ध गरिएको छ ।
- सुरक्षित प्रसूतिको लागि बर्थिङ सेन्टरहरूको निर्माण र प्राथमिक उपचार सेवालाई निरन्तरता दिइएको छ भने स्थानीय अस्पताल निर्माणको प्रक्रियालाई तीव्रताका साथ अगाडि बढाइएको छ।
- <u>**वित्तीय सुशासनमा ऐतिहासिक रेकर्ड (कालीकोटमै प्रथम):**</u> विगतका वर्षहरूभन्दा वित्तीय सुशासन र छिटोछरितो सेवा प्रवाहमा उल्लेखनीय सुधार आएको छ। यसको ज्वलन्त उदाहरणको रूपमा आ.व. २०८१/०८२ को महालेखा परीक्षक (म.ले.प.) को प्रतिवेदनमा बेरुजु अंक मात्र ०.२३% मा झार्न सफल भई कालीकोट जिल्लामै सबैभन्दा कम बेरुजु भएको पालिका को रूपमा उत्कृष्ट वित्तीय अनुशासन कायम गरिएको छ।
- विकास योजनाहरूको कार्य समयमै सम्पन्न गर्ने र लक्षित समयमै रकमको भुक्तानी दिने परिपाटीको विकास गरी जनअपेक्षा अनुरूप काम गरिएको छ।
- लघु उद्यम विकास शाखामार्फत स्थानीय युवा र नागरिकहरूलाई रोजगारीका लागि विभिन्न सिपमूलक तालिमहरू प्रदान गरिएको छ।
- कृषि र पशुपालन क्षेत्रमा किसानहरूको जीविकोपार्जन सुधार गर्न मुख्य गरी बाख्रा र कुखुराहरू वितरण गर्ने कार्य भइरहेको छ।
- हाम्रो विशेष पहलमा पोदमाराका साना जलविद्युत आयोजनाहरूको मर्मत कार्य सफलतापूर्वक सम्पन्न गरिएको छ।
- आन्तरिक राजश्वमा बृद्धि भईरहेको छ ।
- लक्षित वर्गका कार्यक्रमहरु कार्यान्वयनमा ल्याईएको छ ।
- यस पालिकाद्वारा ९८ प्रकारका औषधीहरू निशुल्क रुपमा वितरण गरिएको छ ।
- गर्भवती महिलाको लागि USG Machine सञ्चालनमा रहेको ।
- जेनेरेटर, X-Ray Machine, खरिद गरी सञ्चालनको अन्तिम चरणमा रहेको छ ।

मोहन बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

- न्यायिक समितिका गतिविधिहरूमा उल्लेखनिय सुधार गरिएको छ । सबै वडामा मेलमिलाप केन्द्र गठन गरि मेलमिलापका क्रियाकलापहरूलाई उदेश्यमुखी बनाइएको छ । न्यायिक अभिलेखहरूलाई वैज्ञानिक र व्यवस्थित बनाइएको छ ।
- बजार क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्न गाउँपालिकामा एक ड्याम्पीङ्ग साइट निर्माण भई सञ्चालन भइरहेको छ ।
- गाउँपालिकामा रहेको एकमात्र (स्काभेटर) लाई नियमिति रुपमा सञ्चालन गरी आम्दानीको मुख्य आय स्रोत बढेको छ ।
- स्वच्छ पानीको परीक्षण गर्नको लागि किटको पहिचान मेसिनको व्यवस्था गरिएको छ ।

**सभा सदस्यहरू,**

अब म यस गरिमय गाउँसभामा आर्थिक बर्ष २०८३/०८४ को निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

""ढिलासुस्ती शून्य गरौँ, मुस्कानसहितको सेवा भरौँ !" भन्ने मुल नाराका साथ यस गाउँपालिकाले आगामी वर्षको नीति तथा कार्यक्रममा निम्न विषयलाई प्राथमिकतामा राखिनेछ ।

- आत्मनिर्भर, उद्यमशील र रोजगारमूलक जनशक्ति निर्माण गर्ने।
- बालमैत्री, अपाङ्गतामैत्री तथा नागरिकमैत्री भौतिक संरचनाहरूको निर्माण गर्ने।
- सबै नागरिकको घरमा स्वच्छ खानेपानी पुऱ्याउने।
- कृषिमा आत्मनिर्भरताका लागि सिँचाई आयोजनाहरूको पहुँच विस्तार गर्ने।
- सान्नीत्रिवेणीलाई पूर्ण सरसफाइयुक्त, बालश्रममुक्त र बालविवाहमुक्त गाउँपालिका घोषणा गर्ने।
- गुणस्तरीय शिक्षा र प्रविधिमार्फत पालिकाका युवा विद्यार्थीहरूलाई "सान्नीत्रिवेणीमै सिकाउने र टिकाउने" नीति लिने।
- सम्पूर्ण नागरिकहरूलाई स्वस्थ, सभ्य, र अब्बल बनाउन स्वास्थ्य सेवामा सुधार गर्ने।
- कार्यालयका सम्पूर्ण प्रशासनिक कार्यहरूलाई प्रविधिमैत्री बनाउँदै "पेपरलेस गाउँपालिका" कायम गर्ने।
- मुख्य सडकहरूको स्तरउन्नति, कालोपत्रे तथा RCC कार्यलाई तीव्रता दिने।
- आन्तरिक आयका स्रोत र दायरा बढाउँदै राजस्व संकलनलाई प्रभावकारी बनाउने।
- नागरिकहरूको स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका आधारभूत सेवाहरू घर-घरमै पुऱ्याउने व्यवस्था गर्ने।

Scanned with CamScanner

- पालिकाका प्रमुख पर्यटकीय स्थलहरूको विकास र प्रवर्द्धन गरी आन्तरिक आयको मुख्य स्रोत बनाउने।
- प्रशासनिक सेवा प्रवाहलाई चुस्त, पारदर्शी र जवाफदेही बनाउँदै "मुस्कानसहितको सेवा" प्रणाली लागू गर्ने।

**सभा सदस्यहरू,**

अब म आगामी वर्षका क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु।

**कृषि**

- तरकारी, फलफूल, धान लगायतका प्रमुख बालीलाई व्यवसायिक उत्पादनमा रूपान्तरण गरिनेछ।
- वैज्ञानिक ज्ञान, प्राविधिक सीप र दक्षता बढाउने तालिमलाई नियमित बनाइनेछ।
- जैविक मल, स्थानीय बीउ, र पानी बचत गर्ने प्रविधि प्रयोगलाई प्राथमिकता दिइनेछ।
- सहकारी संस्था, कृषक समूह र निजी क्षेत्रसँग सहकार्य गर्दै बजार व्यवस्थापनलाई सुदृढ गरिने छ।
- प्रत्येक कार्यक्रमको प्रभावकारिता मापन गर्ने प्रणाली स्थापना गरिने छ।
- आधुनिक प्रविधि प्रयोग गरी उत्पादन बढाउने र बजारमा आपूर्ति वृद्धि गरिनेछ।
- स्याउ, सुन्तला, ओखर , कागती  जस्ता फलफूललाई व्यावसायिक उत्पादनमा जोडिनेछ।
- ३०० भन्दा बढी कृषकलाई प्राविधिक तालिम दिइनेछ'।
- रोग–किरा नियन्त्रणका लागि जैविक उपायलाई प्राथमिकता दिइनेछ।
- जनचेतना फैलाउने साथै अगुवा कृषकलाई सम्मान गरिने छ।
- आधुनिक उपकरण प्रयोगलाई प्रोत्साहन गरिने छ।
- कार्यक्रमको प्रभावकारिता मापन गर्दै सुधारका उपाय लागू गरिने छ।

**पशु विकास**

- पशुपालन व्यवसायलाई थप गुणस्तरीय र उत्पादनमुखि बनाउन पशु उपचारात्मक सेवालाई प्रभावकारी रुपले निरन्तरता दिईने छ।
- महामारी र संक्रामक रोग (रेबिज, पीपीआर, खोरेत, लम्पी स्किन आदि) नियन्त्रणका लागि खोप अभियान सञ्चालन गरिने।
- बाँझोपन निवारण र एकीकृत घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिने।
- सामुदायिक कुकुरहरूको निःशुल्क बन्ध्याकरण तथा खोपलाई निरन्तरता दिइने।

गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

- आधारभूत भेटेरिनरी प्रयोगशाला स्थापना र उपचार केन्द्रको विस्तार गरिने ।
- रैथाने पशुपन्छीको संरक्षणका लागि स्थानीय भाले पशुको व्यवस्थापन गरिने ।
- उन्नत जातको वीर्यमार्फत कृत्रिम गर्भाधान कार्यक्रमलाई प्राथमिकता दिइने ।
- पशु पोषणका लागि उन्नत जातका पोसिला डाले तथा भुइँ घाँस खेती कार्यक्रम सञ्चालन र घाँस वितरण गरिने ।
- दूध, मासु र अण्डामा आत्मनिर्भर हुन निर्वाहमुखी पालनलाई व्यावसायिक र मागमा आधारित बनाइने ।
- पशुपन्छी व्यवसायको सम्भावनाका आधारमा प्रत्येक वडामा पशु विशेष पकेट क्षेत्र घोषणा गरिने ।
- साना तथा निर्वाहमुखी कृषकलाई घाँस, गोठ र खोर निर्माणमा विशेष सहुलियत दिइने ।
- कृषि समूह/सहकारीमार्फत उत्पादन वृद्धि र निजी क्षेत्रसँगको समन्वयमा संकलन केन्द्र, प्रशोधन तथा बजारीकरणको सुनिश्चितता गरिने ।
- कोल्ड स्टोर सञ्चालन र दुग्ध डेरी स्थापनाका लागि अनुदानको व्यवस्था गरिने ।
- पशुधनको जोखिम न्यूनीकरणका लागि चेतनामूलक कार्यक्रम र अनुदानका कार्यक्रमहरूमा पशुपन्छी बीमा अनिवार्य गरिने नीति लगिने ।
- पशुपालक कृषक र प्राविधिकहरूका लागि सीपमूलक तथा व्यावसायिक तालिमको व्यवस्था गरिने ।

**सहकारी**

- सहकारीको माध्यमवाट स्थानीय स्रोत श्रम, साधन सीप र पूँजीको अधिकतम परिचालन गरी रोजगार सिर्जना गर्दै आर्थिक, सामाजिक रुपान्तरण गरिने छ ।
- स्थानीय उद्यमशिलता, सीपबिकास र स्थानीय श्रोत साधनको उपयोग सहकारी संस्थाहरु अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धीकार्यक्रम संचालन गरी गरीवी न्युनिकरण गरिने छ ।
- संवैधानिक व्यवस्था अनुसार सरकारी, सहकारी र निजी गरी तिन खम्वे अर्थ नीति कार्यान्वयन गर्दै समृद्ध सान्नीत्रिवेणी गाउँपालिका निर्माणका लागि लगानी मैत्री गाउँपालिका बनाउन पहल गरिनेछ ।

**पर्यटन तथा संस्कृति**

- गाउँपालिकाभित्रका ऐतिहासिक, सामाजिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको अध्ययन, अनुसन्धान गरी संरक्षण गरिनेछ।

Scanned with CamScanner

- ऐतिहासिक सान्नीत्रिवेणी दरबार, पञ्चदेवल, बड्डामाणु थान, डाँडामाणु, कालीशिल्ला, ठिगेल्नि देवी, गडुलस्नानी, महादेवमाडु र पाण्डव धाराहरूलाई आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्यस्थलका रूपमा विकास र संरक्षण गरिनेछ।
- त्रिवेणी पाटनमा पर्यटक आकर्षित गर्न संघ र प्रदेश सरकारसँगको समन्वयमा एकीकृत बृहत् पार्क निर्माण गरिनेछ साथै, प्रसिद्ध धार्मिकस्थल बडिमालिका जाने सडक निर्माणका लागि विस्तृत परियोजना (DPR) तयार गर्न आवश्यक पहल गरिनेछ।
- लोपोन्मुख पञ्चेबाजा, लोकबाजा, देउडा खेल, हुड्के नाच, झोडा नाच, भारी खेल र मागल जस्ता परम्परागत लोकगीत एवं पुरातात्विक सम्पदाहरूको संरक्षण गरिनेछ।
- पालिकाको पर्यटन प्रवर्द्धनका लागि सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी र समुदायलाई समेटेर एक विशेष भिडियो डकुमेन्ट्री निर्माण गरिनेछ।

**श्रम तथा रोजगार**

- स्थानीय पूर्वाधार निर्माणमा स्थानीय जनशक्तिलाई प्राथमिकता दिँदै कार्यस्थलमा आधारित सीप विकास तालिम सञ्चालन गरिनेछ; जसअन्तर्गत प्रत्येक वडाबाट कम्तीमा ५० जनालाई स्थानीय तहमै रोजगारी दिने लक्ष्य राखिनेछ।
- श्रम तथा रोजगार शाखालाई संस्थागत संरचनामा आबद्ध गरी उद्यम तथा सीप विकासका कार्यक्रमहरू एकद्वार प्रणालीबाट सञ्चालन गरिनेछ; साथै रोजगार सेवा केन्द्रका वर्तमान कर्मचारीहरूलाई निरन्तरता दिँदै थप जनशक्ति व्यवस्थापन गरिनेछ।
- रोजगार सेवा केन्द्रमार्फत राष्ट्रिय रोजगार, रोजगार प्रवर्द्धन, सुरक्षित आप्रवासन (Sami), कर्णाली मुख्यमन्त्री रोजगार कार्यक्रम, र वैदेशिक रोजगार बोर्डका कल्याणकारी सेवाहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- साथै सम्पूर्ण अस्थायी, करार तथा ज्यालादारी कर्मचारी र श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ।
- अनौपचारिक रोजगारीका लागि भारतमा रहेका श्रमिकहरूको तथ्याङ्क संकलन गरी उनीहरूको श्रमलाई सुरक्षित र मर्यादित बनाइनेछ।
- संविधानको धारा ३३ (रोजगारीको हक) र धारा ३४ (श्रमको हक) को कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकारका कार्यक्रमहरूमा बजेट साझेदारी गरिनेछ।

- स्थानीय रोजगारीका क्षेत्र पहिचान गरी कृषि तथा पशुपालन व्यवसायीहरूलाई प्रोत्साहन गरिनेछ।

**उद्योग तथा वाणिज्य**

- वृहत्तर आर्थिक समावेशिता तथा उद्यमशिल सस्कृतिको विकास गर्दै स्थानीय तहमै रोजगारीको अवसर सृजना गरिनेछ।
- लघु घरेलु तथा साना उद्योगको विकास तथा प्रवर्धनका लागी संघ प्रदेश तथा स्थानिय तह संग सहकार्य गरिनेछ।
- उद्यम शाखा बाट दैनिक प्रवाह हुने उद्योग सम्बन्धी सेवा प्रणाली लाई थप व्यवस्थित बनाई नागरिक सेवा प्रदान गरिनेछ।
- काठ उद्योग, कागज उद्योग, र अम्ला प्रशोधन जस्ता कार्यलाई प्राथमिकता दिइनेछ।
- गाउँपालिका भित्र व्यवसायिक रुपमा सञ्चालनमा रहेका होटल तथा पसलहरुको अनुगमन तथा नियमन गर्ने नीति अवलम्बन गरिनेछ र अत्यावश्यक उपभोग्य वस्तुहरुको मूल्यमा एकरुपता कायम गरिनेछ।
- वडा र गाउँपालिकामा ऋतु अनुसारको हाडबजार, कृषिमेला र पशुमेला सञ्चालन गरिनेछ। सबैभन्दा उत्कृष्ट हुने कृषकलाई उचित पुरस्कार सहितको सम्मान कार्यक्रम गरिनेछ।
- स्थानीय श्रम, सीप, प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग स्थापना गर्ने नीति लिइनेछ।
- स्थानीय कच्चा पदार्थ तथा सीपमा आधारित श्रममूलक उद्योगहरुको विकास र प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**स्थानीय सडक, भवन तथा पुल**

- गाउँपालिकाका अन्तर्गतका बन्न बाँकी वडा भवन निर्माण कार्यका लागि संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरी हाम्रै कार्यकालमा सबै वडाहरूको भवन निर्माण कार्य सम्पन्न गरिनेछ।
- चालु आ.व.का अधुरा, क्रमागत योजनाहरु, आयोजनाको निरन्तरता र नयां आवश्यक पूर्वाधार निर्माणलाई प्राथमिकता दिईनेछ।
- गाउँपालिकाका नदिनाला तथा खोलाहरूको ढुङ्गा गिट्टि तथा वालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड बनाई सोही आर्थिक वर्षबाट कार्यन्वयनमा ल्याइने छ।

Scanned with CamScanner

- सबै प्रकारका सडकहरूको नक्शाङ्कन गरी राष्ट्रिय मापदण्ड अनुसार सडकहरूको क्षेत्र निर्धारण हुनेगरी गाउँ यातायात गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।
- योजनाहरूको गुरू योजना बनाई योजना सम्वन्धि अनलाईन प्रकृयाँको थालनी गरिने छ।
- गाउँपालिकाका सडकहरू रकु - सेरिज्यूला - लुसा - रकु, सान्तीघाट - गाउँपालिका र तुसार खोला मुम्रा चौर हुदै गाउँपालिका सम्म तथा गाउँपालिकादेखि त्रिवेणीपाटन सम्म सडकको लगतकट्टा गरि व्यापार उद्योग तथा निर्माण व्यवसायीकहरूलाई आर्थिक स्तरमा जोड दिन पहल गरिने छ ।
- गाउँपालिका भित्रका सम्पुर्ण गोरेटो र घोरेटो बाटोलाई पि.सि.सि र आर.सि.सि बनाईनेछ ।
- यस गाउँपालिकाका अधिकांश बस्तीहरुमा सडक सञ्जालले जोडिईसकेकोले उक्त सडकहरुलाई स्तरोन्ती गर्नका लागि पहल गरिनेछ ।
- "आवश्यकता र प्रतिफल" भन्ने नीतिका आधारमा सबै वडाहरुमा विकास निर्माण कार्यलाई अगाडी बढाईनेछ ।
- विभिन्न पूर्वाधार निर्माण योजनाहरुको नियमित संचालन गर्न मर्मत सम्भार, संचालन र ब्यवस्थापनको लागि गाउँ मर्मत सम्भार कोष संचालन गरिनेछ र बास्तविक आवश्यकताको आधारमा योजनाहरुको मर्मत संचालन गरिनेछ।
- यस गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयका शिक्षक र विद्यार्थिलाई विमा कार्यक्रममा आवद्ध गर्न आवश्यक पहल गरिनेछ ।
- छिमेकी पालिका राष्कोट नगरपालिकासँग सहज आवतजावतका लागि झोलुङ्गे पुल निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

सिंचाई

- सान्नीत्रिवेणी गाउँपालिकाभित्रका खेतियोग्य जमिनलाई सिचाईको पहुँचमा ल्याइनेछ ।
- विगत वर्षको बाढी पहिरोले क्षति भएका सिंचाई कुलाहरुको पुन निर्माण प्रकृयालाई अगाडी बढाइनेछ ।
- विद्यमान सिंचाईका पूर्वाधारहरुको मर्मत सम्भारका साथै थप आयोजनाहरु कार्यन्वयमा जोड दिइनेछ ।

उर्जा

- कुनैपनि नागरिकलाई विधुत (उज्यालो) बाट बन्चीत वनाईने छैन ।

- सान्नीत्रिवेणी गाउँपालिका भित्रका विधुतीकरण हुन बाँकी बस्तीहरुमा विधुत प्रशारण लाइन यथासिघ्र पुऱ्याइनेछ।
- वैकल्पीक उर्जाका माध्यमबाट सान्नीत्रिवेणीका मुख्य सडकहरुमा वत्ती जडान कार्य निरन्तरता दिइनेछ।

**सूचना सञ्चार तथा प्रविधि**

- डिजिटल पालिका अन्तर्गत डिजिटल प्रोफाईल तयार गरी सेवा प्रवाहलाई एकीकृत प्रणालीसँग आबद्ध गरि यस पालिकालाई प्रविधि मैत्री डिजिटल पालिकामा परिणत गर्ने कार्य अगाडि बढाइनेछ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरूलाई सूचना प्रविधि सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- पालिकाबाट प्रदान गरिने सेवाहरू तथा सूचनाहरू अनलाइन मार्फत प्रशारण गरिने छ र वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधालाई विद्युतीय प्रणालीबाट अझ प्रभावकारी बनाइनेछ।
- अनुगमन प्रणाली, तथ्याङ्क संकलन तथा सुशासन प्रवर्द्धन जस्ता विषयहरूलाई विद्युतीय माध्यमद्वारा बढीभन्दा बढी अनलाइनमा आधारित बनाइनेछ।
- एकीकृत व्यवस्थापन प्रणाली (Integrated Management System) सम्बन्धी कार्ययोजना बनाई पालिकाका विविध सेवा प्रणालीहरूलाई एकीकृत गरि सेवा प्रवाह विस्तार गरिनेछ।
- डिजिटल सेवामा पहुँच नभएका पिछडिएको वर्ग, महिला, जेष्ठ नागरिक, तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरि "डिजिटल पहुँच सहायता केन्द्र" स्थापना गरिनेछ।
- शिक्षा क्षेत्रमा सुधार गर्न पालिका क्षेत्रभित्रका विद्यालयहरूमा डिजिटल पुस्तकालय, ई-लर्निङ प्रणाली, स्मार्ट कक्षा तथा ICT प्रयोगशाला स्थापना गरिनेछ।
- स्थानिय तह अन्तर्गत रहेको जग्गा, भवन, सडक, तथा सार्वजनिक संरचनाको अभिलेख डिजिटल प्रणालीमा रूपान्तरण गरि अनलाइन पहुँच योग्य बनाइनेछ।
- विद्युतीय सार्वजनिक खरिद प्रणाली (E-Procurement System) विकास गरि पालिकाको सम्पूर्ण खरिद प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक र कुशल बनाइनेछ।
- ई-गभर्नेन्स प्रवर्द्धन गर्न पालिकाको सम्पूर्ण नीति, निर्णय, बजेट र योजना कार्यान्वयन स्थिति सार्वजनिक पोर्टलबाट अद्यावधिक गरिनेछ।

Scanned with CamScanner

- पालिकास्तरमा हुने सार्वजनिक सुनुवाई, बजेट सुनुवाई र सामाजिक परीक्षण कार्यक्रमहरू डिजिटल माध्यमबाट प्रत्यक्ष प्रशारण (Live Streaming) गरिनेछ जसले जनसहभागिता र पारदर्शिता बढाउनेछ।
- गुनासो सुनाई कार्यलाई कार्यन्वयन गर्न हटलाइन सेवा सुचारु गरीनेछ।
- गाउँपालिका भित्रका सबै सेवा कार्यालयहरुका क्रियाकलापहरुमा अनिवार्य अनलाइन प्रणालीको माध्यमबाट सेवा प्रवाहलाई निरन्तरता दिइनेछ।
- सेवा प्रवाहका लागि वेभसाइट, फेस बुक, मोबाइल एप्स द्वारा थप सूचना प्रवाह गरिनेछ।

राजश्व

- "कर तिर्नु कर्तव्य मात्र होइन गौरव पनि हो" भन्ने अवधारणाको विकास गर्न स्वयंमकर निर्धारण पद्धति मार्फत करदातालाई दायित्व बोध गराउन कानूनी व्यवस्था मिलाइनेछ।
- राजश्व प्रणालीलाई अनलाईन प्रणालीमा आवद्ध गरि राजश्व चुहावटलाई पूर्ण नियन्त्रण गरिनेछ।
- ढुङ्गा, गिट्टी, बालुवा तथा वन पैदावरबाट राजश्व संकलन गर्ने नीति लिइनेछ।
- सबैभन्दा बढी कर दाखिला गर्ने वडाहरूलाई अन्य वडाको तुलनामा बजेट विनियोजनमा थप बढोत्तरी गर्ने निति लिइनेछ।
- कर तथा राजश्व तिर्ने नागरिकलाई प्रोत्साहन गर्न करदाताको नामाकरण गरि सबै भन्दा बढी राजश्व तिर्ने र संकलन गर्ने लाई पुरस्कारको व्यवस्था मिलाइनेछ।
- गाउँपालिका भित्र रहेका बस्तु तथा सेवा प्रदायक सबैलाई अनिवार्य करको दायरामा ल्याइनेछ।

शिक्षा

- सामुदायिक विद्यालयको शैक्षिक सुधार गर्नका लागि अतिरिक्त कक्षा संचालन गरिने छ।
- बालबालिकाको बहुमुखी प्रतिभालाई पहिचान गर्न हरेक हप्ता शुक्रवार बुक फ्री डे कार्यक्रम संचालन गरिने छ।
- गाउँपालिकाको शैक्षिक सुधार र अनुगमन गर्ने संयन्त्रलाई प्रभावकारी बनाउन शिक्षक मेन्टरिङ, मेन्टर शिक्षकको व्यवस्था गरिनुका साथै विद्यालयको अनुगमन र सुपरिवेक्षक गरिने छ।
- अति विपन्न तथा विपन्न वर्गका बालबालिकालाई विपन्न लक्षित छात्रवृत्ति र निःशुल्क शिक्षाको व्यवस्था गरिने छ।

Scanned with CamScanner

- विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था विवरण सहितको तथ्याङ्क संकलन गरी आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क गर्न बालबालिकालाई विद्यालयमा भर्ना गरिने छ।
- कक्षा ५, ८, १० र १२ मा उच्चतम अंक ल्याउने विद्यार्थी, विषय शिक्षक लाई पुरस्कृत गरिने छ ।
- कक्षा ५, ८, १० र १२ मा नमुना परीक्षा सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन गरिने छ।
- शिक्षक तथा कर्मचारीको पेसागत वृति विकासका लागि क्षमता विकास र पुनर्ताजगि तालिम समय समयमा संचालन गरिने छ।
- शैक्षिक गुणस्तर कायम गर्न सामाजिक परीक्षण लगायतका वि.व्य.स, शिक्षक, विद्यार्थी, अभिभावक र कार्यपालिका सदस्यबीच नियमित रूपमा संवाद एवंम अन्तरक्रिया गरिने छ।
- माध्यमिक तह कक्षा ११ र १२ संचालित विद्यालय श्री डाँफे माविमा २ जना शिक्षक र कालीका मावी डाँडाखेतमा बालि विज्ञान अध्ययनका लागि २ शिक्षकहरुको व्यवस्थापको लागि आवश्यक बजेट बिनियोजन गरिनेछ ।
- बालबालिकाको बहुमुखी प्रतिभालाई पहिचान गर्न हरेक हप्ता शुक्रवार बुक फ्री डे कार्यक्रम संचा लन गरिने छ ।

**युवा तथा खेलकूद**

- सान्नीत्रिवेणी गाउँपालिका वडा नं ९ को मुम्रा फिल्ड मैदानलाई हाइ अल्टिच्युटको क्रिकेट मैदान र वडा नं. १ को दवडलाई फुटबल मैदानको रुपमा विकास गर्न संघीय र प्रदेश सरकारसँग अनुरोध गरी सोका लागि आवश्यक पहल गरिनेछ ।
- गाउँ भरीका युवा खेलाडीहरुको क्षमता पहिचान गरी खेलकुद क्षेत्रमा अग्रसर हुन तालिम तथा अन्य अवसरहरु प्रदान गरिनेछ ।
- पार्क, खुलाक्षेत्र तथा खेल मैदानको व्यवस्थापनको लागि सरकारी तथा सार्वजनिक जमिन प्रयोगमा ल्याइनेछ ।
- गाउँपालिका स्तरीय भलिवल, फुटवल र क्रिकेट खेलको विद्यालय स्तरीय खेलकुद संचालन गरीनेछ ।
- खेलकुदलाई व्यवस्थित, प्रभावकारी र उपलब्धिपूर्ण बनाउन गाउँपालिकास्तरीय एक जना खेलकुद प्रशिक्षकको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।

- युवा लक्षित कार्यक्रमलाई रोजगारमूलक, सीपमूलक र आय आर्जनमूलक बनाउनको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

## स्वास्थ्य

- प्राथमिक स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ गर्दै ग्रामीण भेगसम्म सेवा विस्तार गर्ने।
- मातृ तथा नवजात मृत्युदर घटाउने।
- रोगको रोकथाम, नियन्त्रण र उपचारमा समन्वित सेवा प्रणाली निर्माण गर्ने।
- डिजिटल स्वास्थ्य सेवा प्रणालीको प्रवर्द्धन गर्ने।
- सबै नागरिकलाई समान र पहुँच योग्य स्वास्थ्य सेवा उपलब्ध गराउने।
- सान्नीत्रिवेणी अस्पतालबाट सुत्केरी आमा र वालवालिकाको ज्यानलाई मध्यनजर गरी विषेशज्ञ सेवा(CS) सहित सामान्य सल्याकृया सेवा प्रवाह गरि सञ्चालनमा ल्याइनेछ।
- शहिद परिवार, घाइते तथा अपाङ्गता भएका र विपन्न परिवारलाई विशेष सहुलियत सहितको स्वास्थ्य उपचारको व्यवस्था मिलाउन पहल गरिनेछ।
- किशोर किशोरी लक्षित गरी प्रजनन स्वास्थ्य सम्बन्धि चेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- संविधानमा मौलिक हकका रुपमा रहेको गुणस्तरिय स्वास्थ्य सेवा सवै नागरिकको सहज पहुचमा पुग्नेगरी प्रभावकारी रुपमा उपलव्ध गराउने एवं आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलव्ध गराईनेछ।
- गाउँपालिका क्षेत्रभित्र प्रत्येक वडावासीको पहुँच पुग्ने गरी घुम्ती स्वास्थ्य शिविर मधुमेह, उच्च रक्तचाप, मृगौला, क्यान्सर, मुटु रोग, आङखस्ने समस्या जस्ताहरुको निशुल्क स्वास्थ्य परिक्षण शिविर संचालन गरिनेछ।
- जन्मे देखि २३ महिना सम्मका बालवालिकाहरुलाई पूर्ण रुपमा गुणस्तरिय खोप सेवा संचालन गर्न खोपकेन्द्रहरुको भौतिक अवस्था क्रमिक रुपमा सुधार गर्दै भ्याक्सिन सवसेन्टर स्थापना गरी पूर्णखोप सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ।
- यस गाउँ क्षेत्रमा हुन सक्ने दैवी प्रकोप तथा महामारीको समयमै ब्यवस्थापन गर्नका लागि सम्बन्धित सरोकारवालाहरु सँग समन्वय गरि सोको ब्यवस्थापन गरिनेछ।

- सुनौलो १००० दिनका आमा, सुत्केरी र गर्भवतीलाई लक्षित गरी स्वास्थ्य तथा पोषणका कार्यक्रमहरु संचालनका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ साथै पोषण युक्त वडा घोषणाको कार्यक्रमलाई अगाडि बढाइनेछ।
- "स्वस्थ शीबिर स्वस्थ दिमाग" भन्ने नारालाई ध्यानमा राखी २१ वर्ष मुनिका वालवालिकालाई धुम्रपान,मद्यपान तथा लागुपदार्थवाट टाढा राख्न प्रेरणादायी शैक्षिक कार्यक्रम संञ्चालन गरिनेछ।

**खानेपानी तथा सरसफाई**

- सुरक्षित खानेपानी प्रयोग, व्यक्तिगत सरसफाई, फोहोरमैला व्यवस्थापन र सुरक्षित शौचालय प्रयोगका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिका भित्रका नागरिकहरुका लागि "स्वच्छ खानेपानी स्वस्थ जिन्दगानी" भन्ने नारालाई अवलम्वन गदै अल्पकालिन तथा दिर्घकालिन योजना तथा कार्यक्रम निरन्तरता दिइनेछ।
- एक घर, एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- टोलटोलमा फोहोरमैलाको वर्गिकरण, प्रशोधन एवम् पुनः प्रयोग सम्बन्धी तालिम प्रदान गरि गाउँ टोलमा पूर्ण सरसफाई अभियान संचालन गरिनेछ।
- सान्नीत्रिवेणी गाउँपालिकाको बजार क्षेत्रमा ठोसजन्य फोहोर व्यवस्थापन कार्यको लागि डम्पिङ्ग साईटलाई थप व्यवस्थित गरेर ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ।
- पालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति र वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिलाई गठन गरी उक्त समितिहरूलाई क्रियाशिल बनाई खानेपानी सरसफाई तथा स्वच्छतासँग सम्बन्धित कार्यहरु सोही समिति मार्फत अगाडी बढाईनेछ।
- पालिकाले जलउपयोग गुरुयोजना अनुसार प्राथमिकीकरण भएका विद्यमान सबैखाले खानेपानी, सिचाई तथा बहुपयोगी लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई खानेपानी तथा सरसफाई ऐन बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई पालिकास्तरमा NWASH Application मार्फत खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको सूचना व्यवस्थापन प्रणाली (NWASH MIS) स्थापना गरिनेछ।
- खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको सूचना व्यवस्थापन प्रणाली (NWASH MIS) सम्बन्धी कार्य गर्ने जनशक्तीलाई उचित तालिमको व्यवस्थापन गरिनेछ।



Scanned with CamScanner

- "मुहान देखी मुख" सम्म खानेपानीको सुद्धता कायम गर्न परिक्षणलाई अनिवार्य गरिनेछ ।
- खानेपानी निर्माण योजनाको डिजाईन सफ्टवेयर खरिद तथा सो सम्बन्धी तालिमको व्यवस्थापन गरिनेछ ।
- सान्नीत्रिवेणी गाउँपालिकामा आवश्यकता अनुसार उचित स्थानको पहिचान गरि ढल व्यवस्थापन गरिनेछ ।
- एक घर एक धारा मार्फत संचालन हुने सम्पूर्ण योजनाहरुमा प्रभावकारी ढङ्गले शुद्ध खानेपानी प्रदान गर्न क्लोरिनेशन (Chlorination) सम्बन्धी तालिम संचालन तथा ब्लिचिङ्ग पाउडर खरिद गरेर दैनिक रुपमा क्लोरिनेशन (Chlorination) को व्यवस्थापन गर्ने ।
- गाउँपालिकामा खानेपानी वितरण प्रणालीलाई व्यवस्थीत एन. वास प्रणालीमा प्रविष्ट गरी एक संयन्त्र वनाई गाउँको स्वमित्वमा लगि वितरण गरिनेछ ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई खानेपानी योजना संचालन तथा मर्मत सम्भार सम्बन्धी तालिम प्रदान गरिनेछ ।

**महिला, बालबालिका तथा जेष्ठ नागरिक**

- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र बहिष्करण अन्त्यका लागि महिला जागरण, वित्तीय, कानुनी साक्षरता र सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- सुनौलो हजार दिनभित्रका गर्भवती तथा सुत्केरी आमाहरूले बच्चा २३ महिनाको हुँदासम्म ५ वटा सूचक पूरा गरेमा प्रशंसापत्र र नगदसहित सम्मान गरिनेछ।
- आर्थिक, सामाजिक र शैक्षिक रूपमा पछाडि परेका वर्गका लागि सीपमूलक र आयआर्जनका कार्यक्रम सञ्चालन गरिने ।
- बाबु-आमाविहीन बालबालिकाको विशेष संरक्षण र बालमैत्री स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गरिनेछ।
- अपाङ्गता भएका व्यक्ति र अभिभावकका लागि सीप विकास तालिम; निःशुल्क सहायक सामग्री वितरण; हक अधिकारको पैरवी र कानुनी सचेतना; तथा अपाङ्गता भएका व्यक्तिको बीमा कार्यक्रममा जोड दिइनेछ।

- अपाङ्गता भएका व्यक्ति, एकल तथा विधवा महिलालाई व्यवसाय दर्ता करमा ४५ प्रतिशत छुट; र जातीय भेदभाव उन्मूलनका लागि अन्तरजातीय विवाह गर्ने जोडीलाई सम्मानस्वरूप पुरस्कारको व्यवस्था गरिनेछ।
- ६० वर्षमाथिका ज्येष्ठ नागरिकका लागि स्वास्थ्य शिविर र स्वास्थ्य उपकरण वितरण; ४० देखि ५९ वर्षसम्मका एकल पुरुष र एकल महिलाका लागि जीविकोपार्जन विशेष कार्यक्रम; र मानसिक स्वास्थ्यका लागि गाउँपालिकामा मनोसामाजिक परामर्शकर्ता राख्न पहल गरिनेछ।
- बिपन्न, दलित र अपाङ्गता भएका व्यक्तिहरुका लागि बिशेष संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।

**समाजिक सुरक्षा, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण**

- "बैंकसँग सामाजिक सुरक्षा कार्यक्रम" मार्फत हाम्रो सुरु प्रतिवद्धता अनुरुप सेवा प्रदायक बैंक संगको सहकार्यमा वडा स्तरवाटै सामाजिक सुरक्षा वापतको भत्ता वितरण गरिनेछ ।
- AIC सामाजिक सुरक्षा भत्ता वितरणमा राष्ट्रिय परिचयपत्र, बायोमेट्रिक डिभाइस र वेब क्यामराको प्रयोग गरी लाभग्राहिको सहि पहिचान, विवरणको सुद्वता, सहज दर्ता प्रकृया र जैविक विवरणका आधारमा लाभग्राहि प्रमाणिकरण गरिनेछ ।
- आगामी आ.व २०८२/०८३ मा सामाजिक सुरक्षा भत्तामा लाभग्राहिको सहि पहिचान गरी दोहोरो भत्ता भुक्तानी रोकिने छ ।
- वडा नं १ देखी ९ सम्मका वडा कार्यालयका लागी वेब क्यामेरा खरिद गरी सामाजिक सुरक्षा तथा पञ्जिकरण कार्य प्रभावकारी बनाईने छ ।
- घुम्ती सिभिर संचालन गरी सेवाग्राही सहजिकरण गरिनेछ ।
- सबै किसिमका व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गर्न सवै वडामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारी तथा जनप्रतिनिधिहरूलाई आवश्यक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।
- गाउँपालिकाका नागरिकहरुका लागि राष्ट्रिय परिचय पत्र वितरण कार्यमा सहजता प्रदान गरिनेछ ।
- वडा कार्यालयका सबै सिफारिसहरुलाइ सफ्टवयरको माध्यमबाट अनलाइनद्धारा वितरण गरिनेछ ।

Scanned with CamScanner

## सुशासन तथा संस्थागत विकास

- प्रत्येक कर्मचारी सँग कार्य सम्झौता गरी त्यसको त्रैमासिक मूल्यांकन गरिनेछ।
- "परम्परालाई होइन नवीनतालाई कार्यसम्पादनमा जोडौं" भन्ने मूल नाराका साथ संस्थागत सुशासनमा जोड दिइनेछ।
- कार्यपालिका,वडा कार्यालय र विषयगत शाखाहरूको सेवा प्रवाहलाई क्रमशः कागजविहीन (Paperless) र सूचना प्रविधिमा आधारित बनाइनेछ।
- नागरिकको सुझाव र गुनासोलाई सम्बोधन गर्नका लागी हेल्प लाइन सेवाको सुरुवात गरिनेछ।
- उत्साहित र इमान्दार कर्मचारीलाई प्रोत्साहन तथा सम्मानित गरिनेछ।
- सेवा प्रवाहलाई जनमैत्री र सेवाग्राहिमैत्री बनाउनका लागी कार्यालयमा स्तनपान कक्ष र सोधपुक्ष कक्षको निर्माण गरिनेछ।
- सेवाग्राहीको सहजताका लागी स्थानियस्तरमा घुम्तीसेवा, शिविर जस्ता प्रणालीको विकास गरिनेछ।
- वडास्तरका कार्यहरू सफ्टवेयर माध्यमबाट सञ्चालन गरी सेवालाई घरदैलो र टोलस्तरमै पुऱ्याइनेछ।
- जनतालाई छिटो, छरितो, प्रभावकारी र गुणस्तरीय सेवा उपलब्ध गराउन जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि 'मुस्कानसहितको सेवा' नीति अनिवार्य गरिनेछ।
- गाउँपालिकाबाट सम्पादित आर्थिक, प्रशासनिक, योजनागत र लक्षित कार्यक्रमहरूलाई पारदर्शी, जिम्मेवार र उत्तरदायी बनाइनेछ।
- सेवा, सुविधा र सर्तहरूको विस्तृत विवरणसहितको नागरिक बडापत्रलाई व्यवस्थित गरी सूचनाको हक सुनिश्चित गरिनेछ।
- विकास निर्माण र सार्वजनिक सेवाको नियमित अनुगमन, प्रगति समीक्षा, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी सुशासन प्रवर्द्धन गरिनेछ।
- सार्वजनिक सेवा प्रवाहमा हुने ढिलासुस्ती र प्रशासनिक झन्झट हटाई प्रक्रियागत सरलीकरण गरिनेछ। साथै, प्रशासनिक खर्चमा पूर्ण मितव्ययिता अपनाइनेछ।
- प्रशासनिक संयन्त्रलाई आधुनिक र प्रविधियुक्त बनाउन समयानुकूल तालिम तथा प्रशिक्षण प्रदान गरिनेछ। योग्यता, क्षमता र उत्कृष्टताका आधारमा पदस्थापन तथा विषयगत शाखा र वडाहरूको स्पष्ट कार्यविभाजन गरिनेछ।



Scanned with CamScanner

- गाउँपालिका, वडा कार्यालय, सामुदायिक विद्यालय, स्वास्थ्य संस्था र मातहतका सबै निकायहरुमा विद्युतीय हाजिरी प्रणालीलाई अनिवार्य र प्रभावकारी बनाइनेछ।
- तोकिएको समयसीमा भित्र आयोजना सम्झौता तथा फरफारक गर्ने र सबैभन्दा बढी कर सङ्कलन गर्ने उत्कृष्ट वडालाई विशेष प्रोत्साहन योजना प्रदान गरिनेछ।
- न्यायिक समितिबाट भएका निर्णय र कार्यसम्पादनका अभिलेखहरूलाई सुरक्षित राख्न विद्युतीय प्रणाली (Electronic Archiving) लागू गरिनेछ।
- जनप्रतिनिधि र कर्मचारीहरूबीचको आपसी समन्वय, नीतिगत स्पष्टता र सुमधुर सम्बन्धका लागि प्रत्येक चौमासिकमा अनिवार्य अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

**वन, वातावरण**

- गाउँपालिकाका सबै वडाहरुमा रहेका सामुदायिक वनहरुलाई संरक्षण गर्नका लागि सामुदायिक वन उपभोक्ता समिति गठन गरि क्षमता बिकास गरिने छ । सामुदायिक बनमा भइरहेको चोरी निकासी, तस्करीलाई नियन्त्रण गर्नका लागि यसै आ.व. मा कार्यविधि बनाई लागू गरिनेछ ।
- दिगो बिकासका लक्ष्यलाई आत्मासाथ गर्दै वन, वातावरण जलवायु, पारिस्थितिक जैबिक विविधताको संरक्षण गरि बिकास निमाण गर्न कार्यलाई अवलम्वन गरिने छ । बन सरोकारवाला समितिले बन ऐन, नियममा रहेर आफ्नो जिम्मेवारी पुरा गरे / नगरेको वडा कार्यालयले नियमिति रुपमा र पालिकाले आवश्यकता अनुसार निरन्तर अनुगमन गरिने नीति लिइएको छ ।
- "एक घर अनिवार्य दुई विरुवा" को नीति लागु गरिनेछ ।
- बाढी पहिरोबाट जोगाउन भू-संरक्षण, तटबन्ध व्यवस्थापन र वृक्षरोपण कार्यलाई अगाडी बढाइनेछ ।
- सडक किनारका खाली जमिनमा वडा तथा टोल, वस्तीको सहभागितामा वृक्षारोपण गर्दै लगिनेछ ।
- वन पैदावार, वनजंगल र वृक्षारोपण सम्वन्धी विशेष कार्ययोजना निर्माण गरी लागू गरिनेछ ।
- खोला किनार, खोला उकास, नहर तथा कुलो किनार, सडक किनार, सार्वजानिक खाली जग्गा, पाखा वा पखेरो क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अबलम्बन गरिनेछ ।
- गाउँपालिकाको तर्फबाट पीच/ढलान गरिने सबै सडक तथा बाटोहरुमा अनिवार्य रुपमा सडकको दायाँ बायाँ विरुवा रोप्नुपर्ने व्यवस्था गरी कडाईका साथ लागु गरिनेछ ।

- पुनःविकीरणीय वन स्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोगबाट स्थानीय समुदायको सहभागीता अभिबृद्धि गर्दै वन पैदावार र सोसँग समबन्धित क्रियाकलापहरूलाई अनिवार्य रुपमा राजश्वको दायरमा ल्याई सोबाट प्राप्त राजस्वले गाउँपालिकाको आर्थिक विकासमा योगदान पुऱ्याइनेछ।
- सान्नीत्रिवेणी गाउँपालिका क्षेत्रभित्रका सबै बाजो जमीनका किनारमा बाँस, उत्तिस, वैस लगाएतका रुख विरुवा रोप्ने कार्यलाई अभियानकै रुपमा संचालन गरिनेछ।

विपद् व्यवस्थापन

- समग्र सान्नीत्रिवेणीको जोखिम नक्साङ्कनको मार्गचित्र तयार गरिनेछ।
- विपद् मा परेका व्यक्ति तथा समुदायलाइ आवश्यक राहत सामाग्री उपलब्ध गराइनेछ।
- विपद् सम्बन्धी जनचेतनामुलक सिमुलेशन तथा कृतिम घटना अभ्यास तालिम सञ्चालन गरिनेछ।
- स्थानीय आपतकालिन सुरक्षित आवास घर निर्माणको तयारी गरिनेछ।
- यस गाउँपालिका अन्तर्गत छुट्टै विपद् व्यवस्थापन कोष बनाई यस पालिकामा साझेदार गर्न आउने सम्पूर्ण साझेदार संस्थाहरुले विपद व्यवस्थापन कोषमा आवद्ध गरी निश्चित प्रतिशत योगदान गर्नुपर्ने मापदण्ड बनाई लागू गरिनेछ।
- स्थानीय विपद जोखिम न्यनीकरण रणनितिक कार्ययोजना तथा विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरि जोखिमलाई न्यूनिकरण गर्दै लगिने छ। साथै स्थानीय विपद तथा हरित, उत्थानशिल तथा समाबेशी बिकास तर्जुमा गरि कार्यान्वनमा ल्याउनेछ। यस्ता योजना तयारी तथा कार्यान्वयन गर्न विकास साझेदार सस्थाहरु संग सहकार्य गरिनेछ।
- आकस्मिक रुपमा आई पर्ने माहामारी तथा बिपत जन्य बिभिन्न रोग ब्यादि, बाढि पहिरो र हावाहुरीलाई आकस्मिकरुपमा ब्यवस्थापन गर्न आकस्मिक कोषको ब्यवस्थापन र परिचालन गरिने छ।

भुमि व्यवस्थापन तथा वस्ती विकास

- भु-उपयोग नीति जारी गरी कार्यन्वन गरिएको छ। गाउँपालिकाको दिगो विकास तथा वातावरण संरक्षणको लागि भू उपयोग नीतिको कडाइका साथ कार्यन्वयन गरिनेछ।
- गाउँभित्रका रहेका सरकारी, सार्वजानिक, ऐलानी, जगाको एकिकृत लागत तयार गरिनेछ। सो कार्यका लागि विशेष समिति गठन गरी कार्य प्रारम्भ गरिनेछ।
- "भुमि बैंकको" स्थापना गरी खेती योग्य बाँझो जमिनमा खेती गर्न प्रोत्साहन गरिनेछ।

Scanned with CamScanner

**न्याय र कानून**

- सुचना प्रविधिको प्रयोगबाट न्यायिक प्रक्रियालाई सुदृढ, समयसापेक्ष, पहुँचयोग्य एवं प्रविधिमैत्री बनाउन विद्युतीय न्याय व्यवस्थापन प्रणाली (Legal Judiciary Management System - LJMS) अवलम्बन गरिने छ।
- न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरूको शीघ्र निरूपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरूको प्रवन्ध मिलाइनेछ।
- "समुदायका विवाद- समुदायमै मेलमिलाप" भन्ने नारा अनुरुप स्थानीयस्तरका विवादहरुलाई निरुपण गर्न मेलमिलापको नीतिलाई प्रोत्साहित गर्दै सबै वडा मेलमिलाप केन्द्रहरुको सुदृढीकरण एवं सवलिकरण गरिनेछ।
- "ढिलो न्याय पाउनु न्याय नपाउनु सरह हो" भन्ने मान्यतालाई आत्मसाथ गर्दै विवाद अन्त्यको लागि मेलमिलाप केन्द्र तथा न्यायिक समितिमा परेका उजुरीहरूलाई तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ।
- न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता तथा कर्मचारीहरूको विषयगत ज्ञान र क्षमता विकासका लागि विभिन्न तालिमहरु संचालन गरिनेछ।
- संविधान, कानुन, गाउँपालिकाको नीति योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन, कानुन, कार्यविधि, निर्देशिका तर्जुमा गरी जारी गरिनेछ।
- गाउँपालिकाद्वारा जारी गरिएका स्थानीय कानुनहरुको आवश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ।
- कानूनी परामर्श सेवालाई थप प्रभावकारी बनाई समुदायमा न्यायको प्रत्याभुति गराउने गरी सेवाप्रवाहलाई थप शसक्त र प्रभावकारी ढंगले अगाडि बढाइने छ।

**संघ संस्था साझेदारी**

- "सम्पूर्ण गैरसरकारी संस्थाहरुसँग गरौ हातेमालो : समृद्ध पालिका बनाउने अब हाम्रो पालो" भन्ने मुल नारालाई आत्मसाथ गर्दै गाउँपालिकाको विकास र समृदिको लक्ष्यलाई पुरा गर्न विकास साझेदार संघसंस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारीको नीति अवलम्बन गरिनेछ।
- विकास साझेदार संघसंस्थाहरुसँग हातेमालो गर्दै जनस्तरका वास्तविक समस्याहरुलाई उजागर गरी दोहोरोपन हुन नदिन एकद्वार प्रणालीमार्फत परियोजनाहरु संचालन गरिनेछ।

Scanned with CamScanner

- परियोजना कार्यान्वयमा उत्पन्न समस्या निराकरणका लागि आवधिक समीक्षा बैठक संचालन गरिनुका साथै परियोजना संचालनमा रहेका अन्तर स्थानीय तह/प्रदेशका असल अभ्यास आदान प्रदान गर्न अवलोकन भ्रमणको व्यवस्था गरिने छ।
- विकास साझेदार संघसंस्थाहरूले सञ्चालन गरेका कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन गर्ने संयन्त्र विकास गरी कार्यान्वयन प्रक्रियालाई थप प्रभावकारी बनाइने छ।

**अन्तमा,**

"स्थानीय सरकार जनताको घरदैलोको सरकार हो; यसले अन्य सरकारको नजर नपुगेका स्थानीय समस्याहरूलाई नजिकबाट पहिचान गरी दिगो समाधान पहिल्याउँछ" भन्ने मूल मर्मलाई आत्मसात् गर्दै सान्नीत्रिवेणी गाउँपालिका निरन्तर क्रियाशील छ।

हाम्रो गौरवशाली गाउँपालिकालाई समृद्ध, शान्त, सभ्य, सुरक्षित र जीवन्त बनाउने दृढ सङ्कल्पका साथ हामीले यो नीति तथा कार्यक्रम प्रस्तुत गरेका छौँ जनआकाङ्क्षा अनुरूप विकासका चाहनाहरू पूरा गर्ने र स्थानीय सरकार तथा स्थानीय बासिन्दाबिचको सम्बन्धलाई अझ सुमधुर, पारदर्शी र उत्तरदायी बनाउन हामी प्रतिबद्ध छौँ यसका साथै हाम्रो परम्परागत कला, मौलिक संस्कृति र सांस्कृतिक विविधताको उच्च सम्मान गर्दै यसको संरक्षण र संवर्द्धन गर्नु हाम्रो मुख्य ध्येय रहनेछ।

प्रस्तुत नीति तथा कार्यक्रमलाई मूर्त रूप दिन रचनात्मक सल्लाह, सुझाव र मार्गदर्शन प्रदान गर्नुहुने तथा यसको सफल कार्यान्वयनमा अहोरात्र खटिनुहुने आदरणीय जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलहरू, नागरिक समाज, विकास साझेदारहरू, निजी क्षेत्र, दातृ निकायहरू, आदरणीय मतदाता एवं सम्पूर्ण बुद्धिजीवीहरूमा हृदयको गहिराइदेखि हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद। जय सान्नीत्रिवेणी।**

**मोहन बहादुर के.सी**
गाउँ सभा अध्यक्ष
सान्नीत्रिवेणी गाउँपालिका
मेहलमुडी, कालीकोट



Scanned with CamScanner